गल्छी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बैरेनी, धादिङ

### ३ नं प्रदेश, नेपाल

**आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण सम्बन्धि बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशन मिति २०७६।०२।१५ गते)**

१. यस गाउँपालिकालाई प्राप्त स्वास्थ्य तर्फको शसर्त अनुदानमा गल्छी गाउँपालिकाको वडा नं.१, ३, ४, ५ र ७ मा आधारभूत स्वास्थ्य केन्द भवन निर्माण गर्नुपर्ने भएकोले निर्माण गर्न इच्छुक, इजाजत प्राप्त कम्पनी/फर्म/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२.बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित गरिएको मिति देखि ३० औं दिन(२०७६।०३।१२) को कार्यालय समयभित्र आफ्नो कम्पनी/फर्म/संस्थाको व्यबसाय दर्ता तथा नबिकरण गरेको इजाजत पत्रको प्रतिलिपी, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब.२०७४।७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित रितपूर्वक निवेदन साथ बोलपत्र फारम दस्तुर तिरी (रकम फिर्ता नहुने गरी ) बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३.खरिद गरिएका बोलपत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशन मिति देखि ३१ औं दिन ( २०७६।०३।१३) को १२ : ०० बजे भित्र बोलपत्र दाखिला गरि सक्नुपर्नेछ।

४.बोलपत्र फारम साथ जमानत वापत्को रकम यस कार्यालयको ग्लोबल आई.एम.ई. बैक लि. बैरेनी शाखा, धादिङमा रहेको खाता नं.८१०१०१००००१९१ वा नेपाल सरकारको मान्यताा प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा १२० दिन म्याद भएको जमानीपत्र (बिडबोन्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत सूचना प्रकाशित भएको मिति पछिको बैक भौचर वा बिडबन्डलाइ मात्र मान्यता दिइने छ।

५. यस कार्यालयमा दर्ता भएका बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु व निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फाराम दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा खोलिनेछ।

६. प्राप्त बोलपत्र कुनै कारण जनाई वा नजनाई आशिंक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

७. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८. यस सूचनामा उल्लेखित कुराहरु यसै सूचना बमाजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित कानुन बमाजिम हुनेछ।

९. अन्य केही कुरा बुझ्नुपरेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नं.०१०४०३१५६ /०१०४०३१९६ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

| ठेक्का नं. | विवरण | कुल लागत अनुमान रकम रु.(भ्याट र कन्टेनजेन्सी बाहेक ) | बोलपत्र फाराम दस्तुर रु. | बोलकबोल जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| NCB/३८/०७५।७६ | आधारभूत स्वास्थ्य केन्द भवन निर्माण वडा नं.१ | ३२,९४,०००। | ३,०००। | ९८,८००। | |
| NCB/३९/०७५।७६ | आधारभूत स्वास्थ्य केन्द भवन निर्माण वडा नं.३ | ३२,९४,०००। | ३,०००। | ९८,८००। | |
| NCB/४०/०७५।७६ | आधारभूत स्वास्थ्य केन्द भवन निर्माण वडा नं.४ | ३२,९४,०००। | ३,०००। | ९८,८००। | |
| NCB/४१/०७५।७६ | आधारभूत स्वास्थ्य केन्द भवन निर्माण वडा नं.५ | ३२,९४,०००। | ३,०००। | ९८,८००। | |
| NCB/४२/०७५।७६ | आधारभूत स्वास्थ्य केन्द भवन निर्माण वडा नं.७ | ३२,९४,०००। | ३,०००। | ९८,८००। | |

2076/2/15

दान बहादुर ऐडी
प्रमुख प्रशासकिय अधिकृत

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत